श्री

# कास्की जिल्ला अदालतबाट सर्वसाधारण सबैका लागि जारी भएको लिलाम सूचना.

## मिति २०७७/१०/२२

उप्रान्त वादी नेपाल सरकार प्रतिवादी जसवहादुर गुरुङ समेत भएको बिना इजाजत अबैध बन पैदावर (चिरान काठ) ओसार पसार (075-c2-0003) मुद्दामा यस अदालतको मिति २०७६/२/७ को फैसला तथा श्री उच्च अदालत पोखराको मिति २०७७/७/१८ गतेको फैसला बमोजिम जफत हुने ठहरेको सालजातको ७३ थान (३१.१६६ क्यू फिट) असना जातका १४ थान (१७.७०३ क्यू फिट) काठहरु जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को उपनियम (२) बमोजिम लिलाम बिक्रि प्रयोजनको लागी मिति २०७७/९/२२ मा लिलाम बढाबढ गर्ने प्रयोजनार्थ तथा मुल्याङ्कन समितिमा रहने बिषय विशेषज्ञ सदस्य छनौटका लागी टिप्पणी पेश भई टिप्पणी सदर भएको र आदेश बमोजिम डिभिजन बन कार्यालय कास्कीका १ जना अधिकृत स्तरका कर्मचारी तोकिएकोले ऐ.नियमावलीको नियम ९२ को उपनियम (५) बमोजिम बसेको काठ मुल्यांकन समितिको मिति २०७७/१०/२१ गते बसेको बैठकले उल्लेखित सालको काठको मुल्य ४३,६३०/- (त्रिचालिस हजार छ सय तिस रुपयाँ मात्र) र असना काठको मुल्य ७,४३४/-(सात हजार चार सय चौतिस रुपयाँ मात्र) मुल्यांकन गरी सम्पुर्ण काठको कुल मुल्य जम्मा रु.५१,०६४/- (एकाउन्न हजार चौसठ्ठि मात्र) कायम हुने गरी निर्णय गरेकोले सोहि बमोजिमको न्युनतम् मुल्य लिलाम बढाबढ गर्ने गरी लिलामको सूचना प्रकाशित भएका मितिले **पहिलो पटक मिति.२०७७।१०।२८ गते** दिनको ५.०० बजेसम्म लिलामी हुने भएकोले उक्त दिन लिलाम हुने उल्लेखित काठको मुल्य लिलाम बढावढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित्त यो सूचना प्रकाशित गरिएको बेहोरा सूचित गरिन्छ।

तपसिल-

१. डाँक लिलाम **मिति २०७७।१०।२८** गते हुने भएकोले यस अदालतको तहसील शाखामा दिनको १३.०० बजे देखि कार्यालय समयसम्म डाँक लिलाममा बोलकबोल गर्न सकिनेछ।
२. तोकिएको दिन सार्वजनिक बिदामा परे सो को भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. काठ मुल्याँकन समितिको न्यूनतम मूल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ।
४. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक लिलाम सकार गराइनेछ ।
५. डाँक लिलाम बढाबढको बखत बोलकबोल गरेको रकम तत्कालै दाखिल गर्नु पर्ने छ।
६. यस सम्बन्धमा थप बुझ्नु पर्ने भएमा यस अदालतको तहसील शाखामा सम्पर्क राख्नुहोला ।
७. डाँक लिलाम हुने काठको बिवरण-

| सि.नं. | काठको जात | थान | चिरानको आयतन | डाक बोल्नुपर्ने न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | साल | ७३ | ३१.१६६ क्यू.फिट | रु.४३,६३०।-(त्रिचालिस हजार छ सय तिस रुपया मात्र ) | केहि चिरान काठहरु मक्किएको तथा पानीले खाएको। |
| २ | असना | १४ | १७.७०३ क्यू.फिट | ७,४३४/- (सात हजार चार सय चौतिस रुपयाँ मात्र) | |

इति सम्बत् २०७७ साल माघ महिना २२ गते रोज ५ शुभम्.......................................................।